**The Journal of DMC**
(A Peer-Reviewed Open Access Interdisciplinary Research Journal)
Vol. IV Issue 1 March, pp.168-177
ISSN 2717-4719
e-Journal Site: https://www.dsmc.edu.np/journal/

# शिक्षण अभ्यासमा शैक्षिक सामग्री प्रयोग र अभ्यास

**मीनप्रसाद अधिकारी**

**Article History**

Received: 19 May ,2025
Revised: 20 August, 2025
Accepted: 25 October, 2025

**Corresponding Author:**
Min Prasad Adhikari
Dhankuta Multiple Campus
Email: *adhikarimin010@gmail.com*

**Publisher:**
Research Management Cell
Drabya Shah Multiple Campus,
Gorkha, Nepal
Email: info@dsmc.edu.np
Website: www.dsmc.edu.np
**Copyright:** Authors/ Publisher
This work is licensed under a Creative Commons Attribution-Non Commercial 4.0 International License

## लेखसार

*शिक्षाशास्त्र सङ्कायको गहना भनेकै शिक्षण अभ्यास हो । स्नातक तथा स्नातकोत्तर तहको अन्तिम वर्षमा शिक्षण अभ्यासमा विद्यार्थीहरू अनिवार्य विषयका रूपमा यो कार्यमा संलग्न हुनु पर्दछ । छात्रशिक्षकहरूले सैद्धान्तिक रूपमा प्राप्त गरेको ज्ञानलाई व्यवहारमा उतार्न लगाउने तथा उनीहरूलाई शिक्षण र यससँग सम्बन्धित कार्यहरूमा संलग्न गराई शिक्षणसम्बन्धी दक्षता अभिवृद्धि गराउने सन्दर्भमा अभ्यास शिक्षणको उच्च भूमिका रहन्छ । यसैक्रममा शिक्षण अभ्यासमा संलग्न छात्रशिक्षकहरूको बाह्य परीक्षण गर्दा उनीहरूले प्रयोग गरेका शिक्षण सामग्रीको समेत मूल्याङ्कन गर्नुपर्ने हुन्छ । मूल्याङ्कनको समयमा भए गरेका र देखिएका केही पक्षले यो लेखको समस्याको काम गरेको छ । लेखका लागि कक्षा अवलोकन र छात्रशिक्षकसँगको कुराकानीले थप उत्प्रेरित गरेको छ । लेख निर्माणमा गुणात्मक अध्ययन ढाँचालाई अवलम्बन गरिएको छ । सामुदायिक र आङ्गिक गरी पाँच क्याम्पसका सम्भावनायुक्त नमुना छनोटमा परेका जम्मा २५ छात्रशिक्षकको कक्षा अवलोकन र सामग्री अवलोकनका साथै उनीहरूसँग प्रत्यक्ष कुराकानी समेत गरिएको छ । प्राथमिक तथा द्वितीय स्रोतका तथ्याङ्कको प्रयोग गरिएको यो लेखमा छात्रशिक्षकको सामग्री निर्माण र प्रयोगको अवस्थालाई उजागर गरी नेपाली भाषाशिक्षणमा शिक्षण सामग्रीको महत्वका बारेमा समेत व्याख्या गरिएको छ । यो लेखको उद्देश्य स्नातक तह चौथो वर्षमा अनिवार्य विषयका रूपमा रहेको अध्यापन अभ्यासमा संलग्न छात्र शिक्षकहरूको शिक्षण सामग्रीको निर्माण र प्रयोगको स्थितिको उजागर गर्नु रहेको छ । छात्रशिक्षकले सामग्रीको निर्माण र प्रयोगमा केही थप अध्ययन र प्रयोग अभ्यासमा जोड दिनु पर्ने यसको निष्कर्ष रहेको छ ।*

**शब्दकुञ्जी :** अवलोकन, छात्रशिक्षक, भाषाशिक्षण, शिक्षण अभ्यास, शैक्षिक सामग्री ।

## परिचय

शिक्षण अभ्यासले शिक्षाशास्त्रका विषयहरूमा अध्ययन गर्ने विद्यार्थीहरूले पूर्वनिर्धारित पाठ्यक्रमको आवश्यकता पूर्ति गर्नका लागि तोकिएको समयभरि खटाइएको सहयोगी विद्यालयमा गई गरिने प्रयोगात्मक र अभ्यासात्मक अध्यापन कार्यलाई जनाउँछ (ढकाल, २०६८) । शिक्षाशास्त्र सङ्काय अन्तर्गत हाल सञ्चालनमा रहेको चार वर्षे स्नातक तहको चौथो वर्षमा शिक्षण अभ्यास कार्यक्रम अनिवार्य पाठ्यांशका रूपमा रहेको छ । अभ्यास शिक्षणका लागि छात्रशिक्षक बनेर विद्यार्थीहरू विभिन्न विद्यालयमा जाने गर्दछन् । यसका लागि अभ्यासको आवश्यक अवसर प्रदान गरी प्रत्येक छात्रशिक्षकलाई दक्ष बनाउनु शिक्षण अभ्यास पाठ्यांशको मूलभूत उद्देश्य हो (शिक्षण अभ्यास पाठ्यांश निर्देशिका, २०७८) । यसले प्रत्येक छात्र शिक्षकलाई कक्षामा सिकेको शिक्षणसँग सम्बन्धित सैद्धान्तिक ज्ञानलाई व्यवहारमा उतार्न मद्दत गर्दछ । वास्तवमा सफल शिक्षक बन्न र प्रभावकारी शिक्षण गर्न व्यक्तिमा आवश्यक विषयवस्तुको ज्ञानको साथै शैक्षिक सामग्रीको उचित प्रयोग पनि आवश्यक पर्दछ । कक्षाकोठामा आफूले पढाउने विषयवस्तुको प्रकृति अनुसार आवश्यक शिक्षण सामग्रीको उचित प्रयोग गरी प्रभावकारी ढङ्गले अध्यापन गर्नु शिक्षकको प्रमुख दायित्व हुन जान्छ । शिक्षण अभ्यास पाठ्यांश निर्देशिका, २०७८ मा शिक्षण अभ्यासका धेरै उद्देश्यमध्ये दोस्रो उद्देश्यमा "उपयुक्त शैक्षिक सामग्रीहरूको छनोट, निर्माण र प्रयोग गर्न" भन्ने कुरा उल्लेख छ । यो उद्देश्यले पनि कक्षाशिक्षणका क्रममा एकोहोरो व्याख्यानभन्दा सामग्रीको प्रदर्शन होस् भन्ने कुरालाई जोड दिएको देखिन्छ ।

भाषाशिक्षणका सन्दर्भमा सिकाइलाई प्रभावकारी बनाउन तथा शिक्षणमा रोचकता, विविधता ल्याउन विभिन्न किसिमका शिक्षण सामग्रीलाई प्रयोगमा ल्याउन सकिन्छ। शिक्षण सामग्रीको उपयोगले शिक्षणलाई अन्तरक्रियात्मक बनाउँछ । भाषिक सिप विकासका लागि रूचिपूर्ण सामग्रीको प्रसङ्गपूर्ण प्रयोगले सिक्न लागेको पाठलाई सजीव बनाउँछ (लामिछाने, २०६७) । कुनै पनि शिक्षकले मात्र व्याख्या, विवेचना र वर्णनका आधारमा सिकाएको कुरा विद्यार्थीले प्रभावकारी रूपमा सिक्न सक्दैनन् । तसर्थ विषयवस्तुको प्रभावकारी शिक्षण गराउन र सिकेको कुरालाई स्थायी बनाउनका निम्ति पाठ्यपुस्तक तथा पाठसँग सम्बन्धित अन्य सामग्रीको समेत प्रयोग गर्नुपर्दछ। भाषाशिक्षणका क्रममा विषयवस्तुलाई प्रस्ट बनाउन उपयोग गरिने सामग्री नै शिक्षण सामग्री भएकोले भाषाशिक्षणमा यसको महत्वपूर्ण भूमिका रहन्छ (ढुङ्गेल र दाहाल, २०७६) । शिक्षण सामग्रीको प्रयोगले छात्र शिक्षकलाई आत्मविश्वास प्राप्त गर्ने अवसर, सिद्धान्तहरूलाई व्यावहारिक प्रयोगमा ल्याउने मौका प्रदान, सक्षम र प्रभावकारी शिक्षण सिप र मनोवृत्ति विकास गर्ने अवसरका साथै विषयवस्तुको ज्ञानमा सुधार गर्ने अवसर प्रदान गर्दछ ।

नेपाली भाषाको प्रयोग क्षेत्र निकै व्यापक रहको छ । सर्वसामान्य रूपमा यसको प्रयोग क्षेत्र भन्नाले साहित्य भन्ने बुझिन्छ तर वर्तमानमा नेपाली भाषा केवल साहित्यिक प्रयोगको मात्र विषय नभएर ज्ञान विज्ञान तथा प्रविधिका विभिन्न क्षेत्रमा दिनप्रतिदिन अगाडि बढिरहेको छ (अधिकारी, २०५९) । आजको नेपाली भाषा देशको आधुनिकीकरणका विविध पक्षमा देखा परेका कुराहरूलाई आफ्ना अभिव्यक्तिभित्र समेट्नतिर अग्रसर भएको छ । भाषा आफैँमा विभिन्न विषय क्षेत्र, ज्ञान र अनुभवको माध्यम भएकाले कुनै खास क्षेत्र वा विषयसँग मात्र सम्बन्धित नभई ज्ञान विज्ञानका सम्पूर्ण विषयहरूको बोध र अभिव्यक्तिको प्रभावशाली साधन भएकोले पनि सबै विषय क्षेत्रको माध्यम भाषा नै हुन आउँछ (रिमाल, २०५७) । परम्परागत रूपमा शिक्षण भनेको शिक्षार्थीलाई मानवीय वातावरणमा मात्र समायोजन गर्नु हो भने अहिले आएर शिक्षार्थीलाई जस्तो सुकै सामाजिक वातावरणमा समायोजन हुन सक्ने नागरिकको तयारी गर्नु हो । त्यसैले पनि भाषाशिक्षणमा सामग्रीको प्रयोग अपरिहार्य ठानिन्छ । सामग्री प्रयोग गरी गरिने शिक्षणले विद्यार्थीहरूको आवश्यकताहरू पूरा गर्न, विद्यार्थीहरूलाई सिकाइमा संलग्न गराउन, सिकाइमा विद्यार्थीहरूको आत्मविश्वास बढाउन एवम् विद्यार्थीहरूलाई

आगामी सफलताको लागि तयार पार्ने काम गर्दछ । विश्वका विकसित मुलुकहरूका दाँजोमा हाम्रो शिक्षण गतिविधि केही परम्परित लागे पनि विभिन्न समयको प्रकोपलगायतका कारण हामीले पनि शिक्षण सिकाइमा नयाँ नयाँ सामग्री भित्र्याएका छौं । त्यसैले पनि नेपाली भाषा शिक्षणका क्रममा शैक्षिक सामग्रीको उचित प्रयोगको अवस्थालाई ध्यान दिनुपर्ने देखिन्छ। नेपाली भाषा शिक्षणको नवीन पद्धतिभित्र नवप्रवर्धनात्मक सामग्रीको प्रयोग पनि समेटिएर आएको छ (शर्मा र पौडेल, २०७०) । यसैले हाल नेपाली भाषाशिक्षणका क्रममा पनि शिक्षण सामग्रीको प्रयोगलाई विशेष ध्यान दिनु आवश्यक देखिन्छ । परम्परित शिक्षण विधिमा समयानुकूल परिमार्जन गरी अन्तरक्रियात्मक र प्रदर्शनात्मक शिक्षणका लागि शिक्षणसामग्री अपरिहार्य हुन्छ ।

## अध्ययन विधि

भाषाशिक्षणमा बढी प्रयोगमा ल्याइरहन सकिने तथा प्रयोगमा आइरहने सामग्रीमा शब्दपत्ती, वाक्यपत्ती, गोजी तालिका तथा फ्लाटिन बोर्ड हुन् । यी सामग्रीबाट विद्यार्थीलाई भाषिक सिपका साथै व्याकरण शिक्षण समेत गर्न सकिन्छ । भाषाशिक्षणमा विद्यार्थीले सुनेका तर ती वस्तुलाई नदेखेका अवस्थामा उपयुक्त सामग्रीको निर्माण गरी उनीहरूको धारणा प्रष्ट पार्न शिक्षण सामग्रीले नै सहयोग पुऱ्याउने भएकाले यसको आवश्यकता पर्दछ। भाषाशिक्षणमा प्रयोग हुने शैक्षिक सामग्रीमा विद्यार्थीको आवश्यकता, सिकाइको उद्देश्य, सिकाइका सिद्धान्त र भाषाका सिद्धान्त गरी चार पक्षको विशेष ख्याल राखिनु पर्दछ। यी चार पक्षलाई ख्याल गरी निर्माण गरिने सामग्रीलाई विशेष गरी दुई वर्ग (इन्द्रियको आधार र उपयोग र निर्माणको आधार) मा विभाजन गरिन्छ (अधिकारी, २०५९, ढुङ्गेल र दाहाल, २०७६, भट्टराई र अन्य, २०७९, रिमाल, २०५७, लामिछाने, २०६७, शर्मा र पौडेल, २०७०)। इन्द्रियका आधारका सामग्रीमा दृश्य (पाटी, गोजी तालिका, चित्रहरू, प्रक्षेपक, चित्रपट्टिका), श्रव्य (रेडियो, टेपरेकर्डर, भाषा प्रयोगशाला, लिङ्ग्वा रेकर्डर, ग्रामोफोन), स्पर्श (मूर्त पदार्थहरू जस्तै चिप्लो, हिलो, गिलो आदि) र दृश्यश्रव्य (नाटकीकरण, सिनेमा, टेलिभिजन) जस्ता सामग्रीहरू पर्दछन् । उपयोग र निर्माणका आधारमा परम्परागत सामग्री (पाठ्यपुस्तक, कालो/सेतोपाटी), शिक्षक निर्मित सामग्री ( चित्र, रेखाचित्र, मानचित्र, प्रतिमूर्ति तालिका) र वैज्ञानिक सामग्री (श्रव्य,दृश्य र श्रव्यदृश्य) आदि पर्दछन् । कतिपय सामग्रीहरू प्रविधिसँग प्रत्यक्ष सम्बन्धित पनि छन् । भाषा शिक्षणको ज्ञान, सिप र धारण विकासका लागि यी सामग्रीको प्रयोग अपरिहार्य देखिन्छ ।

यस अध्ययनमा छोटो समय र कम खर्चमा गर्ने गुणात्मक अध्ययन विधिको उपयोग गरिएको छ साथै शब्दगत तथ्यलाई आधार बनाई व्याख्यात्मक (Interpretive) पाराडाइमको सहयोगले तथ्याङ्कको विश्लेषण (बन्धु, २०५२) गरिएको छ। यसको सत्वशास्त्रीय (Ontological) दृष्टिकोणले यथार्थलाई बहुल सन्दर्भमा आधारित र सामाजिक रूपमा निर्माण गरिएको ठान्दछ। छात्रशिक्षकको शिक्षण सामग्री प्रयोगसम्बन्धी अनुभवहरू व्यक्तिगत तथा सामाजिक सन्दर्भमा आधारित हुन्छन् । त्यसैगरी ज्ञानमीमांसात्मक (Epistemological) दृष्टिकोणले अनुसन्धानकर्ता र सहभागिबीचको अन्तरक्रियालाई मुख्य स्रोत मानेर ज्ञान सह निर्माण हुने प्रक्रिया मान्दछ। यस लेखमा सहभागीहरूको अनुभव, बुझाइ र व्याख्याको माध्यमबाट शिक्षण सामग्रीको प्रयोगसम्बन्धी गहिरो अन्तर्दृष्टि प्राप्त गर्ने प्रयास गरिएको छ। कक्षा अवलोकन र प्रत्यक्ष कुराकानीको सहायताले तथ्याङ्कको संकलन गरी पन्त (सन् २०१२) ले भनेको जस्तो छरिएका तथ्याङ्कहरूलाई गर्बिलो नतिजाका लागि संगठित गर्ने काम यसमा भएको छ । कक्षा शिक्षणमा संलग्न छात्रशिक्षकहरूको कक्षा अवलोकनका क्रममा अनुसन्धानकर्ता स्वयम् सहभागी भई (ज्ञवाली, सन् २००१) तथ्याङ्क सङ्कलन हुँदा सामग्री निर्माण र प्रयोगका विविध पक्षमा ध्यान पुऱ्याइएको छ। यसका लागि २०८१ सालमा अभ्यास शिक्षणमा संलग्न विद्यार्थीहरूलाई छनोट गरिएको छ। धनकुटा, तेह्रथुम र सुनसरी तिन जिल्ला, पाँच क्याम्पस र २५ जना विद्यार्थीहरूलाई नमुनाका रूपमा लिई यो लेख तयार गरिएको छ ।

## नतिजा र छलफल


कक्षामा विभिन्न भाषिक भाषिक समुदायका विद्यार्थीहरूको उपस्थिति रहेको हुन्छ । कुनै विद्यार्थीले नेपाली शिक्षण सिकाइलाई सहज ढङ्गले लिन्छन् भने कुनै विद्यार्थीले मातृभाषाको कारणले असहज मानेका हुन्छन् । यस्तो अवस्थामा नेपाली भाषा नेपालका सबै भाषाको साझा माध्यमको भाषा र शिक्षण सिकाइको माध्यम भाषा (भट्टराई र अन्य, २०७९, पृ.४) पनि भएकोले कक्षाको सिकाइ वातावणमा महत्वपूर्ण भूमिका नेपाली भाषाको रहेको हुन्छ । कक्षा शिक्षणमा संलग्न शिक्षकहरूले परम्परित शिक्षण विधिको साटो प्रदर्शन विधिलाई आवलम्बन गर्न सकेमा शिक्षण सिकाइ प्रभावकारी हुने गर्दछ । यसै सन्दर्भमा अभ्यास शिक्षणमा संलग्न छात्र शिक्षक पनि सम्बन्धित विद्यालयको सो समयका विषय शिक्षक नै हने भएकाले शिक्षणका क्रममा शैक्षिक सामग्रीको प्रयोगलाई विशेष ख्याल गर्नु पर्दछ ।

### नेपाली भाषाशिक्षणमा प्रयोग हुने केही शैक्षिक सामग्रीहरू

शिक्षण सिकाइका लागि विभिन्न प्रकारका सामग्रीहरूको प्रयोग हुने गर्दछ । यसरी प्रयोग हुने सामग्रीलाई आधार सामग्री र सहायक सामग्री भनिन्छ । भाषिक सिप शिक्षणका लागि कुनै न कुनै विषयवस्तुलाई साधन वा माध्यम बनाउनु अनिवार्य हुन्छ । भाषाशिक्षणका निमित्त प्रयोग उपयोग गरिएको विषयवस्तु आधार सामग्री हो भने त्यस आधार सामग्रीलाई (विषय वस्तुलाई) सरल, सहज र प्रभावकारी रूपमा प्रस्तुत गर्न उपयोग गरिने अरू सामग्री शिक्षण सहायक सामग्री ठहरिन्छन् ( ढकाल, २०८०) । यस्ता सामग्रीको निर्माण स्वयम् शिक्षकले नै गर्नुपर्ने हुन्छ । शिक्षक निर्मित सामग्रीबाट विद्यार्थीहरू बढी प्रभावित हुने र सिकाइ प्रभावकारी बन्ने देखिन्छ ।


नेपाली भाषाशिक्षण सिपहरूको शिक्षण हो । नेपालमा सयभन्दा बढी भाषाहरू भएता पनि करिब ६० ओटाभन्दा बढी भाषालाई व्यबहारमा प्रयोग गर्ने गरेको देखिन्छ । यी सबै भाषाका बिच नेपाली भाषाले माध्यम भाषाको रूपमा काम गरेको छ (भट्टराई र अन्य, २०७९, पृ ४) । शिक्षणको प्रभावकारिताका लागि शिक्षण सामग्री अनिवार्य सर्त बनेको छ । त्यसैले भाषाशिक्षणमा विभिन्न प्रकारका शिक्षण सामग्रीहरूको प्रयोग गरिनु उपयुक्त हुन्छ । खासगरी नेपाली शिक्षणमा प्रयोग हुने शिक्षण सामग्रीलाई विशेष गरी दुई वर्ग (इन्द्रियको आधार र उपयोग/निर्माणको आधार) मा विभाजन गरिन्छ (अधिकारी, २०५९, ढुङ्गेल र दाहाल, २०७६, भट्टराई र अन्य, २०७९, रिमाल, २०५७, लामिछाने, २०६७, शर्मा र पौडेल, २०७०) ।

तालिकाः १ इन्द्रियको आधारमा शिक्षण सामग्री




नेपाली भाषाशिक्षणमा प्रयोग हुने सामग्रीमध्ये दृश्य सामग्रीको प्रक्षेपक अन्तर्गत ओभरहेड प्रोजेक्टर, स्लाइड प्रक्षेपक, अपारदर्शी प्रक्षेपक र फिल्म स्ट्रिप जस्ता कुरा पर्दछन् । जुन कुरा प्रविधिसँग पनि प्रत्यक्ष सम्बन्धित रहेका हुन्छन् । साथै भाषाशिक्षणमा प्रयोग हुने जति पनि श्रब्य सामग्रीहरू छन् ती सबै नै प्रविधि हुन् । हामीले कक्षाकोठामा प्रयोगका सन्दर्भमा यी सामग्रीहरूको प्रयोग पनि गर्नुपर्ने हुन्छ । स्पर्श सामग्रीले धारणको विकास गर्ने गर्दछ । कुनै कुराको ब्यावहारिक प्रयोगका लागि यस्ता सामग्रीको उपयोग आवश्यक मानिन्छ । दृश्य-श्रब्य सामग्री अन्तर्गत रहेका सामग्रीले पनि नेपाली भाषाशिक्षणमा अनुकरण, प्रहसन आदिका लागि सहयोग पुऱ्याउँदछन् । वर्तमान समयमा त झन हामीले नेपाली भाषाशिक्षणका क्रममा प्रयोग हुने शिक्षण सहायक सामग्रीलाई प्रविधिको सहयताबाट बुझाउनु प्रभावकारी हुने गर्दछ ।

तालिकाः २ **उपयोग/निर्माणका आधारमा शिक्षण सामग्री**



भाषाशिक्षणमा बढी प्रयोगमा ल्याइरहन सकिने तथा प्रयोगमा आइरहने सामग्रीमा शब्दपत्ती, वाक्यपत्ती, गोजी तालिका तथा फ्लाटिन बोर्ड हुन् । यी सामग्रीबाट विद्यार्थीलाई भाषिक सिपका साथै व्याकरण शिक्षण समेत गर्न सकिन्छ । भाषाशिक्षणमा विद्यार्थीले सुनेका तर ती वस्तुलाई नदेखेका अवस्थामा उपयुक्त सामग्रीको निर्माण गरी उनीहरूको धारणा प्रष्ट पार्न शिक्षण सामग्रीले नै सहयोग पुऱ्याउने भएकाले यसको आवश्यकता पर्दछ । भाषाशिक्षणमा प्रयोग हुने शैक्षिक सामग्रीहरूमा विद्यार्थीको आवश्यकता, सिकाइका उद्देश्यहरू, सिकाइका सिद्धान्तहरू र भाषाको सिद्धान्त जस्ता पक्षसँग सम्बन्धित हुने गर्दछन् ।

नेपाली भाषाशिक्षणमा विभिन्न प्रकारका शैक्षिक सामग्रीहरू प्रयोग गरिन्छ जसले भाषा सिकाउने प्रक्रियालाई प्रभावकारी बनाउँछ। पारम्परिक रूपमा पाठ्यपुस्तकहरू नेपाली भाषाशिक्षणको मुख्य आधार हुन् । नेपाल सरकारको पाठ्यपुस्तक विकास केन्द्रले प्रकाशित गरेका पाठ्यपुस्तकहरूमा कविता, कथा, निबन्ध, व्याकरण र भाषा कौशलसम्बन्धी अभ्यासहरू समावेश गरिएका हुन्छन् । यसका साथै सहायक सामग्रीका रूपमा प्रकाशित केही पुस्तकहरूहरूले विद्यार्थीहरूलाई भाषाको गहिरो ज्ञान प्रदान गर्न मदत गर्छन् । आधुनिक समयमा डिजिटल सामग्रीहरूको प्रयोग बढ्दै गएको छ । नेपाल शिक्षा पोर्टल (२०२२) ले प्रदान गरेका ई-पाठ्यक्रम, "हाम्रो नेपाली" मोबाइल एप्लिकेसन र युट्युब च्यानल "नेपाली सिकाइ केन्द्र" (२०२०) जस्ता डिजिटल साधनहरूले विद्यार्थीहरूलाई स्वयम् अध्ययन गर्न सहज वातावरण उपलब्ध गराएका छन् । यी सामग्रीहरूले नेपाली भाषाको उच्चारण, व्याकरण, रचना र प्रयोगसम्बन्धी कौशलहरू विकास गर्न गदत गर्छन । शिक्षकहरूले पनि आफ्नै अनुभव र आवश्यकताअनुसार विभिन्न शिक्षण सामग्रीहरू जस्तै कार्यपत्र, चार्ट, फ्लास कार्ड आदि तयार गरी प्रयोग गर्छन् । नेपाली भाषाशिक्षणमा पत्रपत्रिका, साहित्यिक कृतिहरू र सामयिक घटनाहरूको प्रयोगले भाषाको वास्तविक प्रयोग बुझ्न सहयोग पुग्छ । यसरी नेपाली भाषाशिक्षणमा पारम्परिक र आधुनिक दुबै प्रकारका शैक्षिक सामग्रीहरूको समन्वित प्रयोगले भाषा सिकाउने प्रक्रियालाई अधिक प्रभावकारी, रोचक र विद्यार्थीकेन्द्रित बनाउँदछ । यी सामग्रीको उचित प्रयोगले नेपाली भाषाको ज्ञान र प्रविधि विकास गर्न महत्वपूर्ण भूमिका खेल्छ । नेपाली भाषाशिक्षणका लागि उपलब्ध यी विविध सामग्रीहरूको प्रयोग गर्दा विद्यार्थीहरूको आवश्यकता, रुचि र सिकाइ शैलीलाई ध्यानमा राख्नु आवश्यक हुन्छ ।

## छात्रशिक्षकको शिक्षण सामग्रीको प्रयोग अवस्था

शिक्षाशास्त्र सङ्कायको मूल ध्येय भनेकै असल र सफल शिक्षक निर्माण गर्नु हो । सोही आधारमा शिक्षाशास्त्र सङ्कायको स्नातक तह चौथो वर्ष र स्नातकोत्तर तहको चौथो सेमेस्टरमा शिक्षण अभ्यासको पाठ्यक्रम तय गरिएको छ । त्यसै क्रममा यो लेख स्नातक तह चौथो वर्षमा शिक्षण अभ्यासमा संलग्न विद्यार्थीहरूले विद्यालय तहको नेपाली विषयको कक्षा शिक्षणका क्रममा शिक्षण सामग्रीको प्रयोगको अवस्थालाई अनुसन्धान गर्दा विद्यागत रुपमा प्राप्त नतिजालाई यहाँ प्रस्तुत गरिएको छ । स्नातक तहको शिक्षण अभ्यासमा संलग्न विद्यार्थीहरूलाई हामी छात्रशिक्षक भन्ने गर्दछौं । शिक्षण अभ्यास निर्देशिका २०७८ ले छात्रशिक्षकहरूले प्रयोग गर्ने शिक्षण सामग्री (Instructional Materials) लाई पाठ स्पष्ट पार्न, कक्षा कोठामा प्रयोग गरिने विषयवस्तुसँग सम्बन्धित सामग्री नै शिक्षण सामग्री हो भनेको छ । यो सङ्कलित, निर्माण गरिएको वा वास्तविक जुनसुकै वस्तु पनि हुनसक्छ । शिक्षण सामग्रीको सङ्कलन र निर्माणमा ध्यान दिनुपर्ने कुराहरू यसप्रकार हुनुपर्छ भनी उल्लेख गरेको छ :

१. शैक्षिक सामग्री व्यावहारिक र उद्देश्यअनुरूप हुनुपर्ने,
२. सकेसम्म सस्तो र स्थानीय वस्तु वा पदार्थबाट बनाइएको हुनुपर्ने,
३. चित्र, फोटो, फ्ल्यास कार्ड आदि कक्षाको पछिल्लो बेन्चको विद्यार्थीले पनि देख्न सक्ने हुनुपर्ने,
४. विद्यार्थीहरूलाई रुचिकर र आकर्षित गर्ने खालको हुनुपर्ने,

५. तस्बिर, फोटो, क्यालेन्डर, पत्रपत्रिकामा प्रकाशित फोटो जम्मा गरी राख्न र आवश्यकता अनुसार प्रयोग गर्ने बानी बसाल्ने ।

शिक्षण अभ्यासमा संलग्न छात्रशिक्षकहरूले विद्यालय शिक्षणका क्रममा पाठ्यक्रमले व्यवस्था गरेका कविता, कथा, व्यबहारिक लेखन, जीवनी, संवाद, निबन्ध, वक्तृत्वलगायत व्याकरणका पाठहरूको समेत पाठयोजना बनाई शिक्षण गर्ने गरेका छन् । प्रत्यक्ष अवलोकनका क्रममा उनीहरूले पाठयोजनामा शिक्षण सामग्री भनेर प्रायः सबैले दैनिक प्रयोगका सामग्री लेखेको पाइयो भने त्यो सँगसँगै कक्षाशिक्षणका क्रममा उनीहरूले प्रयोग गर्ने शिक्षण सामग्रीहरू समग्रमा अभ्यास शिक्षणको मर्म अनुसारका र कक्षामा सिकाएका आधारमा गोजी तालिका, फ्लाटीन पाटी, विभिन्न प्रकारका शब्दहरू उल्लेख भएका पत्तीहरू, वाक्यहरू लेखिएका पत्तीहरूका साथै बोध प्रश्नोत्तरका लागि आवश्यक बोध प्रश्नको सूची, साहित्यिक रचनाको शिक्षणका लागि विभिन्न साहित्यकार र अन्य व्यक्तिहरूको फोटा, विभिन्न स्थानको चित्रहरूका साथै छात्रशिक्षकको प्रविधिमा पनि ज्ञान छ भने आवश्यकता अनुसार कक्षाकोठामा उपलब्ध प्रोजेक्टरको समेत प्रयोग गरेको देखियो ।

कक्षा नौ को व्यवहारिक लेखन अर्न्तगत चिठी शिक्षण गर्ने छात्र शिक्षकहरूले बजारबाटै खाम किनेर लगेर देखाउँदै खामको नमुना बुझाएको पाइयो । चिठी लेखनको नमुनालाई पाठ्यपुस्तकबाटै देखाउँदै शिक्षण गरेका ६ जना छात्र शिक्षकमध्ये एकले सामग्रीको प्रयोगका बारेमा यसो भनिन् :

> सर खासै सामग्री नै पाँइदैन । के गर्नु के गर्नु हुन्छ अनि खाम ल्याएको । फाइनल अब्जरका दिन केही न केही सामग्री त चाहियो भनेर मात्रै ल्याको हो सर । सबै किताबमा भई नै हाल्छ ।

(स्थलगत कुराकानी, २०८१) ।

उनको यो भनाइबाट छात्र शिक्षकहरू शिक्षण सामग्रीको निर्माण र प्रयोगमा केही कमजोर रहको भन्न सकिन्छ । छात्रशिक्षकहरूले तत्कालको कक्षा अवलोकनलाई टार्नका लागि वा पाठ्यवस्तुको प्रकृति अनुसार कुन प्रकारको सामग्रीको प्रयोग गर्दा हुन्छ भन्ने जानकारी वा ज्ञानको अभावले यसो गरेको हुन सक्छ । अर्को कुरा चिठी शिक्षणका लागि आवश्यक पर्ने शैक्षिक सामग्रीको बारेमा उनीहरूको ज्ञानमा कमी भएको पनि देख्न सकियो । व्यवहारिक लेखनको उद्देश्य, पाठयोजनामा उल्लेख भएको पाठ्यवस्तु अनुकुल सामग्रीको प्रयोगका लागि थप स्पष्टताको खाँचो छात्रशिक्षकमा देखिन्थ्यो ।

कक्षा नौ मा नै कविता शिक्षण गर्ने छात्रशिक्षकले लयवोध पाठ्यवस्तु शिक्षण गर्दा शिक्षण सामग्रीको रूपमा दैनिक प्रयोगका सामग्री मात्रै उल्लेख गरेको देखियो । यसो हुनुमा उनीहरूमा सो कविताको शिक्षणपश्चात प्राप्त हुनुपर्ने भाषिक सिपगत पक्षको ज्ञान नहुनु हो ।
कविता शिक्षण पश्चात छात्रशिक्षकलाई सामग्रीको व्यवस्थापन र प्रदर्शन त कमजोर रह्यो नि भन्दा तेह्रथुमको विद्यालयमा अभ्यास शिक्षणमा संलग्न छात्र शिक्षकको भनाइ यस्तो थियो :

> यो छन्दमा रहेको कविता रैछ । यसको शिक्षण गर्दा आफूले पहिले लय हालेर गाउने र विद्यार्थीहरूलाई पनि लय हालेर गाउन लगाएर पढाइयो । यसमा सामग्री त खै के हुन्छ होला र ? । हाम्रो नेपाली विषयमा त सामग्री नै पाउन गाह्रो रैछ (स्थलगत कुराकानीमा आधारित, २०८१) ।

यसबाट के प्रष्ट हुन्छ भने छात्रशिक्षकलाई लयबोध शिक्षणका क्रममा गति यति र विराम उल्लेख वा सङ्केत गरेर कविताका श्लोकहरू वा कुनै एक श्लोकमा सङ्केत गरेर देखाएमा विद्यार्थीहरूले सहज ढङ्गले लयबोध गर्दछन भन्ने जानकारीको अभाव देखिन्छ । माध्यमिक तहको पाठ्यक्रम २०७८ ले कविता शिक्षणका लागि तय गरेका बोध, अभिव्यक्ति, भाषिक संरचना र वर्णविन्यास र भाषिक प्रकार्यको ख्याल नगर्दा शिक्षण र सामग्री प्रयोग प्रभावकारी नबनेको

देखिन्छ । शिक्षणका क्रममा कक्षा अवलोकन गर्दा छन्दोबद्ध कविताका लागि कमजोर सामग्री निर्माण गरेको छात्रशिक्षकहरूले गद्य र अन्य लोक लयका कवितामा त झन शिक्षण सामग्री नपाउने बताए । कविता रचनाकारको फोटा भने सम्भव भएसम्म सबैले सामग्रीको रूपमा प्रयोग गर्ने गरेको देखियो ।

कक्षा दसको कथा विधा शिक्षण गर्ने एक छात्रशिक्षकले सस्वर पठन र प्रश्नोत्तर पाठ्यवस्तुको शिक्षण गर्दा प्रयोग गरेको सामग्रीमा प्रश्नहरूको सूची रहेको थियो । विद्यार्थीहरूलाई पाठको सस्वर पठनपश्चात एकमुष्ठ प्रश्नको सूची फ्लाटिन पाटीमा टाँसेर हरेक प्रश्नको छलफल विधिबाट जवाफ मागियो । यसो गर्दा विद्यार्थी सहज रूपले शिक्षण गरिएको विषयवस्तु राम्रोसँग बुझेको भन्ने प्रतिक्रिया दिइरहका थिए । प्रश्नसूचीको प्रयोग गर्दा एउटा ठूलो चार्टपेपरमा पाँचओटा प्रश्न एकै ठाउँमा राखेको पाइयो । हरेक प्रश्न छुट्टाछुट्टै किन नराखेको भन्ने अवलोकनकर्ताको जिज्ञासामा छात्र शिक्षकले समयको वचत र प्रस्तुतिको सहजताका लागि एकै पटक प्रश्नको सूची प्रदर्शन गरेको बताए । यद्यपि कक्षामा उद्देश्य अनुरूपको शिक्षण गर्नका लागि यो सामग्री पनि उपयुक्त नै देखिन्थ्यो । नमुनामा परेमा शिक्षण अभ्यासमा संलग्न प्रायः सबै छात्रशिक्षकहरूले प्रश्नोत्तर पाठ्यवस्तुको शिक्षण यही क्रममा गरेको पाइयो
।

छात्रशिक्षकले शिक्षण अभ्यासका क्रममा निबन्ध विधा शिक्षण गर्दा सस्वर र मौन पठन, शब्दार्थ र वाक्य निर्माण, प्रश्नोत्तर अभ्यास र शुद्धसँग शब्दोच्चारण लगायतका पाठ्यवस्तु तय गर्ने गरेको पाइयो । यी पाठ्यवस्तु शिक्षणका क्रममा उनीहरूले प्रयोग गर्ने सामग्रीहरूमा दैनिक प्रयोगका सामग्री सेतोपाटी, पाठ्यपुस्तक लगायत शब्दार्थ पत्ती, वाक्य पत्तीलाई मूल आधार बनाउने गरेको देखियो । यसमा उनीहरूले शिक्षण सामग्रीलाई प्रयोग गर्ने समय र सन्दर्भमा अलिक तालमेल नमिलेको जस्तो देखिन्छ । विद्यालयको कक्षाको साइज र विद्यार्थी सङ्ख्यालाई आधार मानेर सामग्री निर्माण गर्नु पर्नेमा सामग्रीको अक्षर आकार र वर्णविन्यासगत पक्षमा ध्यान नपुगेको देखिन्छ । असावधानीगत त्रुटि भएको प्रस्ट हुन्थ्यो । छात्र शिक्षकहरूले सामग्रीको निर्माण र प्रयोगलाई आवश्यक चाहि ठानेको तर सो सम्बन्धी सम्पूर्ण आवश्यक ज्ञान, सिपमा कमी भएको सहज अनुमान गर्न सकिन्थ्यो ।

जीवनी शिक्षणका क्रममा भने छात्रशिक्षकहरूले सम्बन्धित व्यक्तिको फोटा खोजेर कलर प्रिन्ट वा आफैँले कलर गरेर विद्यार्थीहरूलाई देखाएको पाइयो । जीवनी शिक्षणका पाठयोजनाको निर्माणमा नमुनामा परेका प्रायः सबै छात्रशिक्षकहरूको सामग्री यही नै थियो । यसका अलावा केही छात्रशिक्षकले मात्र सम्बन्धित व्यक्तिका रचना, कार्य, भूमिका र समाजमा पारेको प्रभावका बारेमा सामग्रीमा उल्लेख गरेको देखियो । शिक्षण सामग्री बनाउने विषयमा छात्रशिक्षकहरू सचेत रहेका तर बनाउने ज्ञान र सिपको अभाव रहको हो कि भन्ने अवस्था भने टड्कारो देखिन्थ्यो ।

शिक्षण अभ्यासका क्रममा वादविवाद, वक्तृत्व, संवाद शिक्षण गर्ने छात्रशिक्षकहरूले सामग्रीका रूपमा कार्य झल्कने तस्वीरहरू बनाएर प्रयोग गरेको पाइयो । यस्ता विषयवस्तुको शिक्षणका लागि उनीहरूले भूमिका निर्वाह गर्न लगाउने, कक्षाको अगाडि ल्याई पात्र अनुसारको भूमिका वा अभिनय गर्न लगाउने गरेको पाइयो । कोही छात्रशिक्षकले बुँदा टिपोटको अभ्यास गराउने गरेको पाइयो भने केहीले शुद्धोच्चारण अभ्यास गराउने गरेको पाइयो । तथापि पाठ्यपुस्तकको सहयोगमा यी शिक्षण कार्य गरेको भएता पनि शिक्षण सामग्रीको प्रयोग भने गरेको पाइएन ।

छात्रशिक्षकहरूले कक्षा शिक्षणका क्रममा शब्दार्थ शिक्षण गर्नु परेमा भने अधिकांशले उपयुक्त पाठ्यसामग्री निर्माण गरेको पाइयो । चार्ट पेपरमा शब्द उल्लेख गरेका र ती शब्दको अर्थ अर्को पत्तीमा बनाई गाजी तालिकामा राखेर क्रमबद्ध शिक्षण गरेको देखियो । अवलोकनका क्रममा

छात्रशिक्षकहरूले विधा शिक्षणभन्दा व्याकरण शिक्षणमा सामग्रीको प्रभावकारी प्रयोग गर्ने गरेको पाइयो । व्याकरण शिक्षणमा प्रयोग गर्ने सामग्रीलाई भने छात्रशिक्षकहरूले स्वनिर्माण गरी सन्दर्भमा नै प्रदर्शन गरेको देखियो । कक्षाशिक्षणमा संलग्न छात्रशिक्षकको भनाइमा :

> व्याकरण पढाउँदा भने छोटा छोटा शब्द, सहज रूपमा उल्लेख गर्न सकिने र गोजी तालिकामा नै राखेर देखाउन सकिने भएका कारण सामग्री बनाउन सहज भएको र विद्यार्थीलाई बुझाउन पनि सहज भएको अनुभव रह्यो । शब्द निर्माण, शब्दको अर्थ, वाक्य निर्माण, वर्णविन्यास, नाम, सर्वनाम, क्रिया, काल, पक्ष, भाव आदि विद्यालय तहको कक्षामा शिक्षण गरिनु पर्ने व्याकरणका पाठहरूका सामग्री बनाउन सहज हुने रैछ ।

(स्थलगत कुराकानीमा, २०८१) ।

यसो बताउने छात्रशिक्षकको कक्षा अवलोकनका क्रममा पनि सो कुरा झल्कन्थ्यो । सफा र ठूला अक्षरमा स्तरीय र उपयुक्त सामग्रीको व्यवस्थापन भएको देखिन्थ्यो । हरेक पाठमा व्याकरणका केही न केही पक्ष समेटिएको वर्तमान माध्यमिक पाठ्यक्रममा छात्रशिक्षकको रुचि पनि विधा शिक्षणका तुलनामा व्याकरण शिक्षण रहेको देख्न सकिन्थ्यो । यसको कारण भनेको शिक्षण अभ्यासमा संलग्न हुँदाका बखत तयार पार्ने पाठयोजनामा कुनै न कुनै शिक्षण सामग्री बनाएमा राम्रो हुने र त्यो सामग्रीको निर्माण विधा शिक्षणमा भन्दा व्याकरणका पाठमा सहज हुने उनीहरूको भनाइ रहेको थियो ।

शिक्षण सामग्रीको व्यवस्था र कक्षामा तिनको प्रयोग गर्दा विद्यार्थीहरूको बौद्धिक क्षमता, स्तर, सङ्ख्या, अनुभवको सेरोफेरो, भाषिक र सांस्कृतिक पृष्ठभूमि, स्थानीय वातावरण, पाठगत सान्दर्भिकता, विषयवस्तु र पाठ्यवस्तुको प्रकृति जस्ता विविध कुरामा ध्यान पुऱ्याउनु पर्दछ (शर्मा र पौडेल, २०७० पृ.२३७) । छात्रशिक्षक आफैँमा भरखरै शिक्षणसम्बन्धी सैद्धान्तिक कुरालाई सहपाठी शिक्षण र सूक्ष्म शिक्षण सम्पन्न गरी विद्यालय शिक्षणका लागि कक्षाकोठामा पुगेका हुन्छन् । उनीहरूलाई पाठयोजना निर्माण गर्दा सामग्रीको निर्माण र व्यवस्थापन साथै कक्षा प्रस्तुति मूल्याङ्कन र नम्बरसँग पनि सम्बन्धित हुने भएकोले शिक्षण सामग्रीको श्रेणीमा केही न केही लेख्ने गरेको पाइन्छ ।

## छात्र शिक्षकहरूले प्रयोग गरेका शैक्षिक सामग्रीको प्रकार, आवृत्ति र चयनमा पर्ने प्रभाव

शिक्षण सामग्री भाषिक सिप, संरचना र शब्दभण्डारको सहज हस्तान्तरणमा आधारित हुनु उत्तम मानिन्छ । विद्यार्थी केन्द्रित भएर गरिने शिक्षणका लागि सामग्री अपरिहार्य मानिन्छ । सिकाइका सिद्धान्त र मनोवैज्ञानिक पक्ष अनुसरण गरी निर्माण गरिएको शिक्षण सामग्रीले सिकाइ सहज र प्रभावकारी हुन्छ । अध्ययनबाट प्राप्त नतिजाअनुसार अभ्यास शिक्षणमा संलग्न छात्र शिक्षकहरूले विविध प्रकारका शैक्षिक सामग्रीहरूको प्रयोग गरेका पाइयो । ती मध्ये पाठ्यपुस्तकलाई नै एक सामग्रीको रूपमा बढी प्रयोग गरेको देखिन्थ्यो । यसका साथै चार्ट, फ्लास कार्ड, चित्र, केही डिजिटल सामग्री र मोबाइल एप्लिकेसनहरू प्रमुख थिए । उनीहरूको सामग्री व्यवस्थापन फाइलको मूल्याङ्कन गर्दा यी कुरा देख्न सकिन्थ्यो । अधिकांश छात्र शिक्षकहरू परम्परित सामग्रीमा बढी निर्भर देखिएता पनि केहीले प्रविधिमा आधारित सामग्रीको प्रयोग गर्न थालेका थिए । कक्षा सातमा झमक कुमारी घिमिरे पाठ शिक्षण गरेकी धनकुटाकी एक छात्र शिक्षकले मोबाइलबाट झमकको घर जाने बाटो, झमकको फोटा लगायतको भिडियो सामग्री नै बनाएर विद्यार्थीहरूलाई देखाइन् । यो सामग्री निर्माणका सन्दर्भमा उनले भनिन् :

> सर अस्ति झमकको घरमा हामी उहाँलाई भेट्न गएका बेला मोबाइलबाट छोटो भिडियो बनाएको थियो । कक्षामा पाठ पनि त्यही पुगेको रैछ अनि आज फाइनल अब्जर हुने दिन यहाँको सरलाई भनेर मैले प्रोजेक्टरमा यो कुरा देखाएको हो । यहाँको

सरले सहयोग गरिदिनु भयो । विद्यार्थीले पनि शान्तसँग बसेर सबै हेरे राम्रै भयो जस्तो लाग्यो सर ।

(स्थलगत अवलोकन र कुराकानी, २०८१) ।

यसबाट के देखिन्छ भने प्रविधिका केही जानकार छात्र शिक्षकहरूले यसरी डिजिटल सामग्रीको प्रयोग गरेर पनि शिक्षण गर्ने गरेका छन् ।

छात्र शिक्षकहरूले बाह्य मूल्याङ्कनको लागि बनाइएको दैनिक पाठयोजनामा प्राय शब्दार्थ र वाक्य निर्माणको पाठ्यवस्तु बढी राखेकोले शैक्षिक सामग्री समेत शब्दपत्ति, अर्थपत्ति, गोजी तालिका, फ्लाटीन पाटीको प्रयोग बढी देखिन्थ्यो । विद्यार्थीको ध्यान आफूतर्फ आकर्षित गर्नका लागि सामग्रीको प्रयोग गरेको अधिकांश छात्र शिक्षकको भनाइ रहेको थियो । छात्र शिक्षकले सामग्री तयार पार्ने सन्दर्भमा विद्यालयमा उपलब्ध स्रोत, आफूले तयार गर्न सक्ने क्षमता, समय सीमा र आन्तरिक मूल्याङ्कनकर्ताको सल्लाहलाई विशेष आधार बनाएको पाइयो । यसका साथै सामग्रीको सहजता र उपयोगिताले पनि सामग्री छनोटमा महत्वपूर्ण भूमिका खेलेको पाइयो । शैक्षिक सामग्रीको प्रस्तुति समूह कार्य, छलफल र प्रदर्शन जस्ता शैलीमा गर्ने गरेकोमा सबैले उही र उस्तै रूपमा शैक्षिक सामग्री प्रयोग भने नगरेका पाइयो । शैक्षिक सामग्रीको प्रयोगले सिकाइ प्रभावकारी बनाउने,  सिकाइ सरल र रमाइलो हुने भएता पनि तयारीमा समय लाग्ने र व्यवस्थापनमा कठिनाइ हुने हुनाले आफूहरूलाई सबै जानकारी हुँदा हुँदै पनि सामग्री निर्माणमा त्यति ध्यान नदिएको कुरा समेत अध्ययनका क्रममा छात्र शिक्षकहरूले बताएका थिए । शिक्षण सामग्रीको छनोट गर्दा सक्षमता तथा सिकाइ उपलब्धिहरू, विषयवस्तुको स्वरूप, विद्यार्थी मनोविज्ञान, क्षमता र रुचि, स्रोत साधनको उपलब्धता, विद्यालय वातावरण र सिकाइ सहजीकरण अवस्था जस्ता पक्षमा ध्यान दिनुपर्छ । छात्र शिक्षकहरूले बाह्य परीक्षणका समयमा बाह्य परीक्षकलाई प्रभावित तुल्याउन र बढीभन्दा बढी अङ्क प्राप्त गर्नका लागि पनि केही सामग्रीको प्रयोगलाई बारम्बार गरेको पाइयो । छात्र शिक्षकले अभ्यास शिक्षणको क्रममा दृश्य, श्रव्य, श्रव्य-दृश्य, सहभागितामूलक र डिजिटल सामग्रीको प्रयोग गर्न सक्छन् । दृश्य सामग्रीमा चार्ट, पोस्टर आदि पर्दछन् जसले अमूर्त अवधारणलाई ठोस रूपले लिन र पढाएको कुरा सहज ढङ्गले बुझ्न सक्छन् । श्रव्य सामग्रीमा रेकर्डिङ, गीत, लोककथा र संवाद जस्ता सामग्री पर्दछन्, जसले भाषिक सिप र श्रवण क्षमताको विकासमा सहयोग पुर्‍याउँछ । श्रव्य-दृश्य सामग्रीमा भिडियो, मल्टिमिडिया प्रस्तुति र इन्टरनेटमार्फत प्राप्त शैक्षिक सामग्री पर्दछन्, जसले विद्यार्थीलार्य प्रत्यक्ष अनुभवजस्तो अनुभूति दिन्छ । सहभागितामूलक सामग्रीमा खेलकुद, भूमिका निर्वाह, सिमुलेसन र समूहकार्यका कार्यपत्रहरू पर्दछन्, जसले विद्यार्थीको सक्रिय सहभागिता र सामाजिक सिप विकासमा टेव पुर्‍याउँदछ । डिजिटल सामग्रीमा पावरप्वइन्ट स्लाइड, अनलाइन क्विज, शैक्षिक एप्स, ई-बुक र खुला शैक्षिक स्रोत समावेश छन्, जसको प्रयोगले विशेष गरी माध्यमिक तहका नेपाली कक्षामा बढ्दो रूपमा देखिन्छ ।

## शिक्षण अभ्यास सुधारमा शैक्षिक सामग्रीको भूमिका

यस अध्ययनबाट प्राप्त परिणामले अभ्यास शिक्षणमा संलग्न अधिकांश छात्र शिक्षकहरूले शिक्षण सामग्रीको प्रयोग गर्ने प्रयास गरेको दखिन्छ । यद्यपि सामग्रीको स्तर, विविधता र प्रभावकारितामा स्पष्ट अन्तर रहेको पाइयो । अध्ययनका क्रममा देखिएअनुसार छात्र शिक्षकहरूले परम्परागत सामग्री जस्तै पोस्टर, चार्ट, फ्लासकार्ड र नक्साहरूको प्रयोगमा झुकाव देखाएका थिए । प्रविधिमा आधारित सामग्रीको भने अत्यन्तै न्यून मात्रामा प्रयोग भएको थियो । शिक्षण अभ्यासका क्रममा डिजिटल सामग्रीको प्रयोग गर्ने छात्र शिक्षकको सङ्ख्या दुई मात्रै थियो । यसले प्रविधि पहुँचको अभाव, प्रविधिमैत्री तालिमको कमी तथा तयारीमा लाग्ने समयजस्ता कारणले डिजिटल सामग्रीको प्रयोगमा बाधा पुर्‍याएको सङ्केत गर्दछ । त्यसै गरी शिक्षण सामग्रीको प्रयोगका दृष्टिले छात्र शिक्षकहरू

दुई प्रकारका देखिए । एक जो आफैँले सामग्रीको निर्माण गर्छन र अर्को जो पहिले नै बजारमा वा अन्य कतै उपलब्ध भएका सामग्रीको प्रयोग गर्दछन् । आफैँले सामग्री बनाउने शिक्षकहरू अन्यका तुलनामा रचनात्मक, आत्मविश्वासी र सशक्त देखिएका छन् । Vygotsky (सन् १९७८) ले प्रस्ताव गरका "active learning" सिद्धान्तअनुसार सिकाइ प्रक्रियामा सक्रिय संलग्नता र सृजनात्मकता विद्यार्थी र शिक्षक दुबैका लागि विकासोन्मुख हुन्छ । यही आधारमा आफैँले सामग्री निर्माण गर्ने शिक्षकहरूले कक्षाकोठामा बढी विद्यार्थी संलग्न हुने र सिर्जनात्मक हुने गरेका देखिए । यसले सिकाइ वातावरणलाई सहज र सन्दर्भमूलक बनाउने दखिन्छ । शिक्षण सामग्रीको प्रयोग र विद्यार्थीको सिकाइ उपलब्धिबीच प्रत्यक्ष सम्बन्ध देखिएको छ । कक्षा अवलोकन र कुराकानीबाट सामग्री प्रयोग भएका कक्षाहरूमा विद्यार्थी बढी सक्रिय, जिज्ञासु र सहभागी बनेको देखिए । Tyler (सन् २०१०) ले भने अनुसार "Instructional materials facilitate the understanding of abstract concepts by providing concrete experiences." यसमा पनि शिक्षण सामग्रीले छात्र शिक्षकका लागि सहजतासँगै विद्यार्थीका लागि अवधारणात्मक स्पष्टता ल्याउँछ ।

यद्यपि शिक्षण सामग्रीको प्रयोगमा सकारात्मक पक्षहरू देखिए तापनि कतिपय संरचनात्मक र सन्दर्भगत चुनौतीहरू प्रस्ट देखिए । कतिपय छात्र शिक्षकहरूले आधारभूत सामग्री समेत नबनाएको र कतिपयले विद्यालयको सहयोग नपाएको, समय नमिलेको जस्ता कुराले चाहेर पनि प्रभावकारी सामग्री बनाउन नसकेको बताए । Fullan (सन् २००७) को भनाइअनुसार "Educational change is not possible without systemic support and collaborative culture." यस आधारमा विद्यालय प्रशासन, सहयोगी शिक्षक र शिक्षक तालिम संस्था (यहाँ तालिम संस्था भन्नाले स्नातक तहमा अभ्यास शिक्षणका लागि शिक्षण गर्ने शिक्षक) बीचको समन्वय अत्यावश्यक देखिन्छ । अध्ययनमा सहभागी अधिकांश छात्र शिक्षकहरूले अभ्यास शिक्षणका क्रममा विद्यालयको सहयोग अपर्याप्त रहेको महसुस गरेका थिए । शिक्षा नीति २०७६ मा डिजिटल प्रविधिको प्रयोगलाई प्राथमिकता दिइएको छ तर व्यवहारमा त्यो कार्यान्वयन अत्यन्तै कमजोर देखिएको छ । UNESCO (सन् २०२०) को शिक्षा प्रतिवेदनमा पनि डिजिटल पहुँच र शिक्षकको प्रविधि दक्षता अभाव विकासशील मुलुकहरूको साझा चुनौतीका रूपमा औँल्याइएको छ । नेपालको सन्दर्भमा पनि यही प्रवृत्ति देखिन्छ । छात्र शिक्षकहरूमा प्रविधिप्रतिको जिज्ञासा भए पनि तयारी समयको अभाव, प्रविधि जस्ता तालिमको अभाव तथा साधनको सीमितताले उनीहरूलाई प्रविधि प्रयोगबाट टाढा राखेको देखिन्छ । यसरी हेर्दा अभ्यास शिक्षणमा संलग्न छात्र शिक्षकहरूको शिक्षण सामग्री प्रयोगमा आंशिक सुधारको सङ्केत देखिए तापनि अझ प्रभावकारी बनाउने ठूलो सम्भावना बाँकी रहेको स्पष्ट हुन्छ । निर्धारित सक्षमता र कक्षागत सिकाइ उपलब्धि हासिल गर्नका लागि शिक्षक र विद्यार्थीले विषयवस्तुमा आधारित भई गर्ने क्रियाकलापमा आधारित भई शिक्षण सामग्रीको व्यवस्थापन गर्नुपर्ने हुन्छ ।

अभ्यास शिक्षणमा संलग्न छात्र शिक्षकले प्रयोग गर्ने सामग्री शिक्षण सिकाइ प्रक्रियाको प्रभावकारितामा प्रत्यक्ष प्रभाव पार्ने महत्वपूर्ण पक्ष हो । अभ्यास शिक्षणको मूल उद्देश्य भावी शिक्षकलाई वास्तविक कक्षा परिस्थितिमा सिकाइ अनुभव प्रदान गर्नु हो, जसमा उपयुक्त सामग्रीको चयन निर्माण र प्रयोगको सिप सिकाउनु आवश्यक हुन्छ । शिक्षण सामग्री भनेको शिक्षकले विषयवस्तु स्पष्ट जीवन्त र बुझ्न सजिलो बनाउन प्रयोग गर्ने कुनै पनि माध्यम, साधन वा स्रोत हो (शर्मा र पौडेल, २०७०) । नेपालमा शिक्षक शिक्षा कार्यक्रम विशेष गरी स्नातक तह (बी.एड.) को अभ्यास शिक्षणमा विद्यार्थी शिक्षकलाई कक्षा व्यवस्थापन, सिकाइ वातावरण सिर्जना र शिक्षणलाई आकर्षक बनाउन सामग्रीको प्रयोगमा जोड दिइन्छ (काफ्ले २०७५) । नेपाली कक्षा शिक्षणमा विविध भाषिक पृष्ठभूमि भएका विद्यार्थीहरू आउने भएकाले पनि उनीहरूको सिकाइ शैली फरक हुने गर्दछ । यस्तो समयमा शिक्षण सामग्रीको प्रयोग अपरिहार्य मानिन्छ । सामग्रीको प्रयोगले शिक्षण समावेशी र सहज बन्ने गर्दछ ।

सामग्री छनोट गर्दा छात्र शिक्षकले शैक्षिक उद्देश्यसँगको सम्बन्ध, विद्यार्थीको उमेर र स्तर , विद्यालयमा उपलब्ध स्रोत, स्थानीय सन्दर्भ र सांस्कृतिक सान्दर्भिकतालाई विचार पुऱ्याउनु पर्दछ । अध्ययनका क्रममा ग्रामीण विद्यालयमा सरल र स्वनिर्मित सामग्रीको प्रयोग अधिक पाइयो भने शहरी क्षेत्रका विद्यालयमा डिजिटल प्रविधिमा आधारित सामग्रीको प्रयोग तुलनात्मक रूपमा बढी पाइयो । प्रभावकारी सामग्रीको प्रयोगले विद्यार्थीको सक्रिय सहभागिता बढाउने, अवधारणहरू दीर्घकालीन रूपमा सम्झन मदत गर्ने, सिकाइ वातावरणलाई रोचक र प्रेरणदायी बनाउने, विद्यार्थीको समालोचनात्मक सोच र समस्या समाधान क्षमताको विकास गर्ने मात्र होइन, शिक्षकको व्यावसायिक सिप र आत्मविश्वा पनि बढाउँछ ।

## निष्कर्ष

यस लेखले त्रिभुवन विश्वविद्यालय अन्तर्गत शिक्षाशास्त्र सङ्कायको स्नातक तह चौथो वर्षमा अनिवार्य रूपमा समावेश गरिएको अभ्यास शिक्षण कार्यक्रमका दौरानमा छात्र शिक्षकहरूले शिक्षण सामग्रीको प्रयोग कति, कसरी र कस्ता सन्दर्भमा गरिरहेका छन् भन्ने पक्षलाई उजागर गरेको छ । अध्ययनबाट प्राप्त नतिजाले अधिकांश छात्र शिक्षकहरूले पाठयोजनाको आवश्यकताअनुसार शिक्षण सामग्री प्रयोग गर्ने प्रयास गरेको पाइयो । तापनि सामग्री प्रयोगको विविधता, प्रासङ्गिकता र प्रविधिमा आधारित सामग्रीको निर्माण र प्रयोग अपेक्षकृत सीमित रहेको देखियो । परम्परागत सामग्री जस्तै चार्ट, पोस्टर आदिको प्रयोग गर्ने सङ्ख्या बढी पाइयो भने पावरप्वइन्ट बनाएर प्रविधिमा आधारित सामग्रीको प्रयोग न्यून देखियो । शिक्षण सामग्री आफैँ निर्माण गर्ने छात्र शिक्षकहरूमा आत्मविश्वास, सृजनशीलता र विद्यार्थी संलग्नता तुलनात्मक रूपमा राम्रो देखिएको छ । अभ्यास शिक्षणमा खटिने शिक्षक प्रशिक्षक वा आन्तरिक तथा बाह्य परीक्षकको सहयोग पर्याप्त नहुनु जस्ता पक्षले छात्र शिक्षकलाई प्रभावकारी सामग्री प्रयोगबाट बञ्चित तुल्याएको जस्तो अनुभव छात्र शिक्षकहरूको पाइएकाले पाठ शीर्षक, पाठ्वस्तु अनुकुल र सोही अनुसारको शिक्षण सामग्री निर्माणमा उनीहरूलाई प्रयाप्त सहयोग गर्नु पर्ने देखिन्छ । अन्ततः अभ्यास शिक्षण कार्यक्रमले भावी शिक्षकहरूलाई कक्षा व्यवस्थापन, पाठयोजना अनुसारको शिक्षण सामग्रीको प्रयोग र विद्यार्थी केन्द्रित शिक्षण शैलीको अभ्यास गर्ने अमूल्य अवसर प्रदान गर्दछ । त्यसैले यो कार्यक्रमको प्रभावकारिता शिक्षण सामग्री प्रयोग जस्ता पक्षमा निर्भर हुने हुँदा शिक्षक तयार पार्ने निकाय अभ्यास शिक्षणको प्रयोगात्मक स्वरूपलाई व्यवहारिक, प्रविधिमैत्री र विद्यार्थीमैत्री बनाउने दिशातर्फ संस्थागत तथा नीतिगत सुधार आवश्यक छ । यसरी अभ्यास शिक्षणमा संलग छात्र शिक्षककालगि सामग्रीको प्रयोग केवल सजावट वा अतिरिक्त गतिविधि मात्र नभई शिक्षण अध्ययनको अनिवार्य अङ्ग हो । यसले विद्यार्थी र शिक्षक दुबैलाई सक्रिय, सिर्जनात्मक र उद्देश्यपूर्ण सिकाइ अनुभव दिलाउँछ । त्यसैले शिक्षक प्रशिक्षण कार्यक्रमले सामग्री निर्माण, छनोट र प्रभावकारी प्रयोगको व्यावहारिक सिप सिकाउनेमा विशेष जोड दिनुपर्छ साथै स्थानीय स्रोत र सन्दर्भलाई आधार मानेर सामग्री विकास गर्ने अभ्यासलाई निरन्तर प्रोत्साहन गर्नुपर्दछ ।

## सन्दर्भसामग्री

अधिकारी, हेमाङ्गराज (२०५९), *नेपाली भाषाशिक्षण,* विद्यार्थी पुस्तक भण्डार ।
कोइराला, विद्यानाथ (२०७३), *शैक्षिक सामग्रीको प्रयोग, (शिक्षक स्रोत पुस्तिका),* सिकाइ समूह प्रा.लि.
ज्ञवाली, दामोदर (२००१), *ह्याण्डबुक अफ रिसर्च स्कलर्स,* काठमाडौं ।
ढकाल, शान्तिप्रसाद (२०८०), *नेपाली भाषाशिक्षण : परिचय र प्रयोग,* पिनाकल पब्लिकेसन प्रा.लि.।
ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०७६), *नेपाली भाषा शिक्षण,* एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।
नेपाल सरकार पाठ्यक्रम विकास केन्द्र (२०७९), *माध्यमिक शिक्षा पाठ्यक्रम २०७८, (कक्षा ९- १०),* शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय ।
बन्धु, चूडामणि (२०५२), *अनुसन्धान तथा प्रतिवेदन लेखन,* रत्न पुस्तक भण्डार ।
भट्टराई, रामप्रसाद, कँडेल, श्रीप्रसाद र अर्याल, कलाधार (२०७९), *नेपाली भाषा शिक्षण,* शुभकामना प्रकाशन प्रा.लि. ।
रिमाल, डिल्लीराम (२०५७), ***नेपाली भाषा शिक्षण,*** विद्यार्थी पुस्तक भण्डार ।
लामिछाने, यादवप्रकाश (२०६७), *नेपाली भाषा शिक्षण,* विद्यार्थी पुस्तक भण्डार ।
शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०७०) *नेपाली भाषा र साहित्य शिक्षण,* विद्यार्थी पुस्तक भण्डार ।
शिक्षाशास्त्र सङ्काय, डीनको कार्यालय (२०७८), *शिक्षण अभ्यास निर्देशिका,* त्रिवि ।
Fullan, M. (2007). *The new meaning of educational change* (4th ed.). Teachers College Press.
Government of Nepal, Ministry of Education, Science and Technology. (2019). *National Education Policy 2019 -lzIff gLlt, @)&^_*. Author. https://moest.gov.np
Kafle, B. D. (2075). *Shikshak Shiksha ra Prayogik Shikshan*. Pairavi Prakashan.
Kerlinger, F. N. (1986). *Foundation of behavioural research* (3rd ed.). Surjeet Publication.
Panta, P. R. (2012). *Social science research and thesis writing* (6th ed.).
Tyler, R. W. (2010). *Basic principles of curriculum and instruction*. University of Chicago Press. (Original work published 1949)
UNESCO. (2020). *Global education monitoring report 2020: Inclusion and education: All means all*. https://unesdoc.unesco.org/ark:/48223/pf0000373718
Vygotsky, L. S. (1978). *Mind in society: The development of higher psychological processes* (M. Cole, V. John-Steiner, S. Scribner, & E. Souberman, University Press.

## लेखक परिचय

मीनप्रसाद अधिकारी, धनकुटा बहुमुखी क्याम्पस धनकुटाका नेपाली शिक्षा विषयका उपप्राध्यापक हुनुहुन्छ। वि.स. २०६४ सालदेखि अध्यापन कार्यमा सलग्न उहाँका थुप्रै अनुसन्धानमूलक लेख र केही लघु अनुसन्धान प्रकाशन छन् । हाल विद्यावारिधि अनुसन्धानरत अधिकारी नेपाली भाषाशिक्षण र अनुसन्धानका क्षेत्रमा शिक्षण विधि र नवीन प्रविधिको प्रयोगजस्ता विषयमा कलम चलाउनु हुन्छ । नेपाली भाषाशिक्षणामा प्रविधिको एकीकरण उहाँको अध्यनीय क्षेत्र हुन् ।